नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाण्डौं
फोन नः- ०१-४२३३८७९

प.स 2073/074
च.न. 502

मिति २०७३/१२/१८

**विषयः- वसाई सराई गर्दा अन्य घटना दर्ता गरेर मात्र गर्ने सम्वन्धमा**

**श्री स्थानीय पञ्जीकाधिकारीहरु,**
**सवै**

उपरोक्त सम्वन्धमा वसाई सराई गर्दा वसाई सरी जाने स्थानको स्थानिय पञ्जिकाधीकारीवाट प्रमाणपत्र लिई वसाई सरी आउने स्थानको स्थानिय पञ्जिकाधीकारी समक्ष दर्ता गर्नु पर्ने व्यवस्था रहेकोमा बसाई सरी जाँदा वसाई सरी जाने स्थानमा घटेको व्यक्तिगत घटना दर्ता नगरी वसाई सराई प्रमाणपत्र दिने प्रचलनले वसाई सराई अधिका घटना दर्ता गर्ने सम्वन्धमा अन्योल उत्पन्न भई आम सेवाग्राहीले दुख खेप्नु परेको भनि गुनासो प्राप्त भएकोले मिति २०७४ साल बैशाख १ गते उपरान्त वसाई सराई जाने प्रमाणपत्र दिदा सरी जाने ठेगानामा नियमानुसार दर्ता गर्न पर्ने सम्पूर्ण व्यक्तिगत घटना दर्ता गरेर मात्र वसाई सराईको प्रमाणपत्र दिन तथा वसाई सराई आउने स्थानको पञ्जिकाधिकारीले मिति २०७४ साल बैशाख १ गते पश्चात जारी वसाई सराई प्रमाणपत्र लिई आउने व्यक्तिहरुको वसाई सरी गएको प्रमाणपत्रमा उल्लेखित दर्ता मिति अगाडी घटेको सम्पूर्ण व्यक्तिगत घटना दर्ता भएको यकिन गरेर मात्र बसाई सराई दर्ता गर्न सम्पुर्ण स्थानिय पञ्जीकाधिकारीहरुमा जन्म, मृत्यु तथा अन्य ब्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ को नियम ३(क) वमोजिम यो निर्देशन जारी गरिन्छ ।

2073/12/29

**अनिल कुमार ठाकुर**
**( महा-निर्देशक)**

<u>वोधार्थ,</u>

श्री महा/उपमहा/नगरपालिका तथा गाउँपालिका सवै निर्देशन कार्यान्वयन गर्ने गराउन ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सवै :- गाविस तथा नगरपालिका हरुमा पत्रचारको लागि अनुरोध गरिन्छ ।
श्री स्थानिय शासन तथा सामुदाय विकास कार्यक्रम, क्लष्टर ईकाई सवै :-सम्वन्धित क्षेत्रका जिल्ला समन्वय समितिको कार्यालयमा सूचना प्रवाह गरि दिनु हुन ।